**<u>प्रस्तावहरु:</u>**

१ प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना समर्थन सम्बन्धमा ।
२ रकम रकमान्तरसम्बनधमा ।
३ आईसोलेसन कक्ष निर्माण कार्यमा सहयोग सम्बन्धमा ।
४ रम्घाको स्वास्थ्य सहायता कक्षमा सेड तगा शौचालय निर्माण सम्बन्धमा ।
५ स्थानिय पुर्बाधार विकास कार्यक्रम सम्बन्धमा ।
६ नदीजन्य पदार्थको आई ई ई सम्बन्धमा ।
७ "कोभिड १९ रोकथाम तथा नियन्त्रण कोष संचालन कार्यविधी" सम्बन्धमा
८ नगर सभा सम्बन्धमा ।
९ आर्थिक बर्ष २०७७।७८ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।
१० “आर्थिक विधेयक,२०७७” र “विनियोजन विधेयक, २०७७” सम्बन्धमा ।
११ स्वयमसेबक सम्बन्धमा ।
१२ क्वारेन्टाईनको सुरक्षार्थ खटिने प्रहरी को सुविधा सम्बन्धमा ।
१३ गाडी भाडामा लिने सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

**<u>निर्णय नम्वर १.</u>**

` प्रस्ताव नम्वर १ माथि छलफल गर्दा मिति २०७७।०२।१६ गते बसेको नगर कार्यपालिका बैठकले चालु आर्थिक बर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त रकमलाई वडागत रुपमा विनियोजन गरेअनुसार मिति २०७७।०२।२७ र २०७७।०३।०४ गते बसेको स्थानिय निर्देशक समितिको बैठकले देहायका वडामा देहायका योजना संचालन गर्ने भनि गरेको निर्णयलाई समर्थन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | योजनाको नाम | रकम रु. | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १ | १ | नाला मर्मत तथा बाटो स्तरोन्नती | ३,००,००० | तीनलाख |
| २ | २ | पदमार्ग निर्माण | ३,००,००० | तीनलाख |
| ३ | ३ | पर्यटकिय स्थल जोड्ने सडक निर्माण | ३,००,००० | तीनलाख |
| ४ | ४ | नाला सरसफाई तथा संरक्षण | ३,००,००० | तीनलाख |
| ५ | ५ | नाला तथा ढल निर्माण | २,५२,००० | दुईलाख बाउन्नहजार |
| ६ | ६ | पुरनडिही लामासोती सिंचाई आयोजना | २,१६,००० | दुईलाख सोह्रहजार |
| ७ | ६ | गुम्वाफाँट सिंचाई आयोजना | २,१६,००० | दुईलाख सोह्रहजार |
| ८ | ७ | सितीखोला कोईलेनी कुलो मर्मत संभार | ३,००,००० | तीनलाख |
| ९ | ७ | पावरहाउस देखी क्लेसमान्तक वन सम्मको बाटो निर्माण | १,३०,००० | एकलाख तीसहजार |
| १० | ८ | फगेल खानेपानी मकुटे लामाथोक मर्मत | ३,००,००० | तीनलाख |

| | | | | |
|---|---|---|---|---|
| ११ | ९ | भोर्लेटार - बाग्रे - नेटा - बाग्रेबेशी मोटरबाटो मर्मत | १,५०,००० | एकलाख पचासहजार |
| १२ | ९ | ठुलेटारी नौविसे कुलो मर्मत | १,५०,००० | एकलाख पचासहजार |
| १३ | १० | थानसिंङ गाउँबाट मालिका देवी जाने मोटर बाटो तथा पदमार्ग निर्माण | ३,५०,००० | तीनलाख पचासहजार |

**निर्णयनम्वर २.**

प्रस्ताब नम्बर २ माथि छलफल गर्दा चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेका देहाय अनुसारका शीर्षकहरुमा रकम विनियोजित नभएको तथा विनियोजित रकम अपुग भएकोले देहाय अनुसारका शीर्षकहरुमा बचत हुनजाने देहायअनुसारको रकम रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

| सि. नं. | रकम अपुग भएको शीर्षक | रकमान्तर गर्नुपर्ने कारण | रकमान्तरको श्रोत शीर्षक | रकमान्तर गरिएको रमक रु. |
|---|---|---|---|---|
| १ | पदाधिकारी बैठक भत्ता | रकम विनियोजन नभएकोले | पदाधिकारी पारिश्रमिक | दश लाख मात्र |
| २ | अन्य भत्ता | विनियोजित रकम अपुग भएकोले | कर्मचारी पारिश्रमिक | पाँच लाख मात्र |
| ३ | विविध | विनियोजित रकम अपुग भएकोले | कार्यक्रम खर्च | एकलाख पचासहाजर मात्र |
| | | | भैपरि आउने चालु | नब्बे हजार मात्र |
| | | | अन्य भ्रमण खर्च | एकलाख दशहजार मात्र |
| | | | कर्मचारी तालिम | एकलाख पचासहाजर मात्र |
| | | | जम्मा | पाँचलाख मात्र |
| ४ | नगर प्रमुख आकस्मिक कोष | विनियोजित रकम अपुग भएकोले | नगर प्रमुख कृषि आधुनिकिकरण कार्यक्रम | पाँचलाख मात्र |
| ५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | विनियोजित रकम अपुग भएकोले | कर्मचारी पारिश्रमिक | पचासलाख मात्र |
| ६ | संचार | विनियोजित रकम अपुग भएकोले | सीप विकाश तथा जनचेतना तालिम गोष्ठी | पचहत्तर हजार मात्र |

**निर्णय नम्वर ३.**

प्रस्ताब नम्वर ३ माथि छलफल गर्दा मिति २०७७।०२।२२ गते बसेको जिल्ला विपद् ब्यवस्थापन समितिको बैठकको निर्णय नम्बर १० मा क्वारेन्टाईन ब्यवस्थापन तथा आईसोलेशन वाड स्थापनाको लागि हाललाई लमजुङ जिल्लाका सबै स्थानिय तहले ५।५ लाख रुपैंया उपलब्ध गराउने भनि भएको निर्णय अनुसार तहाँ पालिकाबाट जम्मा गर्नुपर्ने रकम "क्वारेन्टाईन संचालन तथा ब्यवस्थापन समिति" को नाममा राष्ट्रिय बाणिज्य बैक बेसीशहर शाखामा रहेको खाता नं ३०४०००६५३००१ मा यथाशिघ्र जम्मा गरिदिनुहुन अनुरोध छ भनि जिल्ला प्रशासन कार्यालय लमजुङको च.नं. ५६९५ मिति २०७७।०२।२९ को पत्र प्राप्त भएको र उक्त पत्रमा-"रकम उपलब्ध गराई समर्थनको लागि कार्यपालिका बैठकमा पेश गर्ने" भनि नगर प्रमुख बाट भएको तोक आदेश अनुसार कोभिड रोकथाम तथा नियन्त्रणको लागि स्थापना गरिएको विपद् ब्यवस्थापन कोषबाट उपलब्ध गराईएको पाँचलाख रुपैंयाको समर्थनगर्ने निर्णय गरियो ।

**निर्णय नम्वर ४.**

प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा तनहुँ जिल्ला हुँदै लमजुङ जिल्ला भित्र प्रबेश गर्ने मानिसहरुको स्वास्थ्य परिक्षण गर्ने उदेश्यले यस नगरपालिकाको वडा नम्बर ४ रम्घामा राखिएको स्वास्थ्य सहायता कक्षमा काम गर्ने कर्मचारीहरुको प्रयोजनको लागि प्राविधिक लागत अनुमान अनुसार ४ नं. वडा कार्यालयबाट अमानतमा गरिएको देहायअनुसारको कार्यको समर्थन गर्ने र उक्त रकम चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रमको पाखुरी चोक- रामबजार सडक पिच शिर्षकमा रहेको रकम मध्ये ठेक्का संझौता भई बाँकि रहेको मौजदात रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१. सेड निर्माण कार्य लागत रु.८९,५०४।-

२. अस्थायी शौचालय निर्माण कार्य लागत रु. ९९,२८४।–

**निर्णय नम्वर ५.**

प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०७६।७७ मा उल्लेखित कार्यक्रमहरु संचालनको लागि बोलपत्र बाट निर्माण ब्यवसायी छनोट गर्दा कम रकममा बोलकवोल भई विनियोजित बजेट बचत हुनगएकोले उक्त बचत रकमबाट सोही योजनामा थप काम गर्नको लागि यस जिल्लाका प्रतिनिधि सभा सदस्य माननीय देवप्रसाद गुरुङद्वारा हस्ताक्षरित पत्र प्राप्त भएको, उक्त कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं. ३ मा संचालित “सूर्यपाल-नागभैरव (फिल्महल चोक) देखि देउराली सम्म मोटर बाटो स्तरोन्नती” योजनामा निर्माण ब्यबसायीलाई भुक्तानी दिई बाँकी रहनजाने रमबाट उक्त योजनामा थप कार्य गर्न बोलपत्र तथा शीलबन्दी दरभाउपत्रको सूचना प्रकासन गरि काम गर्न समय अभावको कारणले सम्भव नभएको र उक्त योजनामा थप स्तरोन्नतीको कार्य गर्नु अति आवस्यक भएकोले उक्त वडाका वडाध्यक्षको मौखिक राय अनुसार उक्त योजनामा थप कामको लागि पाँचलाख भन्दा मुनीको काम गराउन तयार गरिएको प्राविधिक लागत अनुमान अनुसारको कार्य कोटेशनद्वारा सिधै गराउन दिईएको कार्यादेशको समर्थन गर्ने र बाँकी रकम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानिय तह समन्वय शाखाको च.नं. ५६८ मिति २०७७।०३।०७ को पत्रअनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नम्वर ६.**

प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा नगरपालिका क्षेत्र भित्र रहेका नदीहरुबाट नदिजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनको लागि तयार पारिएको आई.ई.ई. प्रतिबेदनको दुई बर्षको म्याद समाप्त भएको र सो प्रतिबेदन विना आगामी आर्थिक बर्षहरुमा नदीजन्य पदार्थको उत्खनन् गर्न नपाईने भएकोले सो कार्यको लागि कोटेशन माग गरी काम गराउने र उक्त कार्य बापत भुक्तानी गर्नुपर्ने रकम चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको ढुङ्गा गिटी बालुवा उत्खनन् तथा क्रसर उद्योग ब्यवस्थापन डि पि आर तयार शीर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नम्वर ७.**

प्रस्ताव नम्बर ७ माथी छलफल गर्दा कोरोना रोगको रोकथाम, नियन्त्रण तथा उपचार जस्ता कार्यमा भएको खर्च भुक्तानी गर्ने प्रयोजनको लागि कोरोना रोगको रोकथाम, नियन्त्रण तथा उपचार कोषको रुपमा कृषि विकाश बैक, भोर्लेटार शाखामा छुट्टै खाता खोलि संचालनमा रहेको तर उक्त खातामा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धमा कुनै निर्देशिका नभएको हुँदा बैठकमा पेश भएको "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका,२०७७" लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नम्वर ८.**

प्रस्ताब नम्बर ८ माथि छलफल गर्दा सातौं नगरसभाको बैठक मिति २०७७। ०३ ।१० गते ११ बजे बोलाउने निर्णय गरियो ।

**<u>निर्णय नम्बर ९.</u>**

प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा बैठकमा पेश भएको आगामी आर्थिक बर्ष २०७७।७८ को नीति तथा कार्यक्रमको मस्यौदालाई र देहाय अनुसारको आय तथा ब्ययको सूची अनुसारको आर्थिक बर्ष २०७७।७८ कुल बजेटलाई पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क) आय तर्फ

| सि. नं. | आय श्रोत | रकम रु. | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| ०१ | नेपाल सरकार समानिकरण अनुदान | ९.७७,००,००० | नौकरोड सतहत्तर लाख |
| ०२ | प्रदेश सरका समानिकरण अनुदान | १,१८,७१,००० | एककरोड अठारलाख एकहत्तर हजार |
| ०३ | नेपाल सरकार राजस्व बाँडफाँड | ७,१४,९४,६५० | सातकरोड चौधलाख चौरानब्बे हजार छसय पचास |
| ०४ | प्रदेश सरका राजस्व बाँडफाड (सवारी साधन कर) | ४८,८८,००० | अठ्चालिसलाख अठासी हजार |
| ०५ | नेपाल सरकार शसर्त अनुदान | २९,९५,००,००० | उनन्तिस करोड पन्चानब्बे लाख |
| ०६ | नेपाल सरकार समपुरक अनुदान | १,५२,००,००० | एककरोड बाउन्न लाख |
| ०७ | नेपाल सरकार विषेश अनुदान | १,५०,००,००० | एककरोड पचास लाख |
| ०८ | प्रदेश सरकार विषेष अनुदान | १,००,०००,०० | एककरोड |
| ०९ | नेपाल सरकार सामाजिक सुरक्षा | १०,००,००,००० | दशकरोड |
| १० | सडक बोर्ड नेपाल | ३०,००,००० | तीसलाख |
| ११ | नगद लागत सहभागिता | १,००,००,००० | एक करोड |
| १२ | जिल्ला समन्वय समिति बाट | ७०,००,००० | सत्तरीलाख |
| १३ | आन्तरिक राजस्व | २,००,००,००० | दुईकरोड |
| १४ | बैक मौजदात | २,००,००,००० | दुईकरोड |
| १५ | जम्मा | ६८,५६,५३,६५० | अठसठ्ठी करोड छपन्न लाख त्रिपन्न हजार छसय पचास |

क) ब्यय तर्फ

| सि.नं. | ब्यय शीर्षक | ब्यय रकम रु. | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| ०१ | सामाजिक सुरक्षा भत्ता वितरण | १०,००,००,००० | दश करोड |
| ०२ | सशर्त कार्यक्रमहरु | २९,९५,००,००० | उनन्तिस करोड पन्चानब्बे लाख |

| | | | |
|---|---|---|---|
| ०३ | प्रशासनिक खर्च | ७,००,५३,६५० | सात करोड त्रिपन्न हजार छ सय पचास |
| ०४ | विषय क्षेत्रगत योजना तथा कार्यक्रमहरु | २१,६१,००,००० | एक्काईस करोड एकसठ्ठी लाख |
| ०५ | जम्मा ब्यय रकम | ६८,५६,५३,६५० | अठसठ्ठी करोड छपन्न लाख त्रीपन्न हजार छ सय पचास |

**<u>निर्णय नम्बर १०.</u>**

प्रस्ताव नम्बर १० माथि छलफल गर्दा मिति २०७७।०२।१८ गते बसेको राजस्व परामर्स समितिलेको निर्णयअनुसार कार्यपालिकामा पेश हुनआएको "आर्थिक विधेय, २०७७" को मस्यौदालाई र "विनियोजन विधेयक, २०७७" को मस्यौदा लाई पारित गरी आगामी नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नम्बर ११.</u>**

प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा कोभिड १९ को कारण लकडाउनको समयमा विभिन्न स्थानमा प्रहरीलाई सहयोग गर्न भनि खटाईएका स्वयम सेवकहरुलाई निजहरुले गरेको कार्यको लागि धन्यबाद दिदै अबदेखी निजहरुलाई त्यस्तो कार्यमा नखटाउने निर्णय गरियो ।

**<u>निर्णय नम्बर १२.</u>**

प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा ईशानेश्वर क्याम्पसमा रहेको क्वारेन्टाईनको ड्यूटिमा रहेका चारजना प्रहरीहरुलाई स्वास्थ्य सहायता कक्षमा खटिने प्रहरी सरह निजहरु क्वारेन्टाईनको ड्यूटिमा खटेको प्रत्येक दिनको प्रतिब्यक्ति पाँचसय रुपैयाको दरले खाना र खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नम्बर १३.</u>**

प्रस्ताव नम्बर १३ माथि छलफल गर्दा हाल विदेशबाट आउने ब्यक्तिहरुको संख्या बढीरहेकोले निजहरुलाई कहिले नेपाल भारतको सिमा क्षेत्रबाट र कहिले अन्य ठाँउबाट उद्धार गरि ल्याएर क्वारेन्टाईनमा राख्नुपर्ने, क्वारेन्टाईनमा राखिएका ब्यक्तिहरुको स्वाब संकलन गरी परिक्षणको लागि पोखरा तथा काठमाडौं लैजानुपर्ने र क्वारेन्टाईनबाट डिस्चार्ज भएका ब्यक्तिहरुको ब्यबस्थापन गर्ने जस्ता कार्यमा दैनिक रुपमा गाडी भाडमा लिएर प्रयोग गरिएको र यसो गर्दा आवश्यक परेको बेलामा तुरुन्तै गाडी नपाईने र दैनिक रुपमा भाडामा लिंदा महंगो समेत पर्ने भएको ले यस प्रयोजनको लागि कोरोना संक्रमणको जोखिम रहेसम्म मासिक रुपमा एउटा गाडी भाडामा लिने निर्णय गरियो ।